# सुम्निमा उपन्यासमा आत्माचिन्तन

**माधवप्रसाद नेपाल***

**लेखसार**

आत्मा चिन्तनका आधारमा 'सुम्निमा' उपन्यासको पठन यस लेखको विषय हो । 'सुम्निमा' उपन्यासमा आत्मचिन्तनको अभिव्यक्त कसरी गरिएको छ भन्ने शोध्य प्रश्नको समाधानका लागि यो अध्ययनको उद्देश्य केन्द्रित छ । जगत्लाई मिथ्या र ब्रह्मलाई सत्य मान्ने वेदान्त दर्शनले आत्माको अमरतालाई स्वीकार गरेको छ । उपन्यासका प्रमुख पात्रहरू सोमदत्तले जीवन यात्राका अनेक आरोहअवरोहमा आत्माचिन्तन गरेको सन्दर्भ यस लेखमा विषयबद्ध गरिएको छ । प्रस्तुत लेखमा सामग्री सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । 'सुम्निमा' उपन्यासको यस अध्ययनको प्राथमिक सामग्री हो । अध्ययनको ढाँचा वेदान्त दर्शनमा आधारित छ । उपनिषद्, ब्रह्मसूत्र र गीता अध्ययनका आधारमा अवधारणात्मक ढाँचा निर्माण गरिएको छ । आत्मचिन्तन प्रस्तुत अध्ययनको मुख्य अवधारणा हो । पाठ विश्लेषण पद्धति अवलम्बन गरिएको यस लेखमा उपन्यासका साक्ष्यका आधारमा आत्माचिन्तनको विश्लेषण गरिएको छ । ब्राह्मण जातिको आत्मवाद र जनजातिको शरीरवादको द्वन्द्वको परिणाम कस्तो हुँदो रहेछ भन्ने ज्ञानको सञ्चार 'सुम्निमा' उपन्यासले गरेको छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ । भौतिकवादी सुम्निमा र अध्यात्मवादी सोमदत्तको मिलनबाट जीवन सार्थक भएकाले त्यसमा आत्मवादको भूमिका सान्दर्भिक, रहस्यमय र प्राज्ञिक दृष्टिले महत्त्वपूर्ण रहेकाले अन्य अध्येताका लागि उपयोगी हुनु प्रस्तुत अध्ययनको उपलब्धि रहेको छ ।

**शब्दकुञ्जी :** आत्मा, शरीर, ब्रह्म, मोक्ष, अध्यात्मवाद, भौतिकवाद

## विषय परिचय

साहित्यकार विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७७-२०३९) ले नेपाली कथा, कविता, निबन्ध तथा उपन्यासजस्ता विधामा आफूलाई चिनाएका छन् । अन्य विधामा भन्दा कोइराला आख्यान विधामा प्रसिद्ध छन् । उपन्यासमा उनी आधुनिक नेपाली साहित्यको इतिहासमा वैचारिक उपन्यासकारका रूपमा स्थापित छन् । प्रकाशनका दृष्टिले उनको पहिलो उपन्यास तीन घुम्ती (२०२५) हो भने पछिल्लो उपन्यास बाबु, आमा र छोरा (२०४५) हो । उनका अन्य उपन्यासहरू नरेन्द्र दाइ (२०२६), सुम्निमा (२०२७), मोदीआइन (२०३६) र हिटलर र यहुदी (२०४०) हुन् । तीन घुम्ती, सुम्निमा र नरेन्द्र दाइ उनका सामाजिक-सांस्कृतिक पृष्ठभूमि भएका उपन्यासहरू हुन् ।

नेपाली उपन्यास परम्परामा पूर्वीय दर्शन, धर्म, संस्कृतिको प्रयोग गर्ने उपन्यासकारमध्ये विश्वेश्वरप्रसाद कोइरालाको स्थान अग्रणी छ । उनका उपन्यासमा आस्तिक र नास्तिक दुवै दर्शन पाइन्छन् । सुम्निमा उपन्यासमा जातीय, सांस्कृतिक र दार्शनिक पक्ष सबल रूपमा अभिव्यक्त भएका छन् । सुम्निमाका सूर्यदत्त र सोमदत्त सनातन धर्ममा आस्था राख्ने पात्र हुन् । उनीहरू वेदान्त दर्शनबाट प्रभावित छन् । पूर्वीय

*उपप्राध्यापक- पाटन संयुक्त क्याम्पस

दर्शनअन्तर्गतको आस्तिक दर्शन वेदान्तमा जीव, ब्रह्म, आत्मा र जगत्का बारेमा गहन विश्लेषण गरिएको छ। कोइराला गीतादर्शनको पृष्ठभूमिमा उपन्यास लेख्ने उपन्यासकारका रूपमा चिनिन्छन् । सुम्निमा उपन्यासमा आत्मवाद र शरीरवादको द्वन्द्व देखाइएको छ । आत्मवादको प्रतिनिधित्व सोमदत्तले गरेको छ भने शरीरवादको प्रतिनिधित्व सुम्निमाले गरेकी छ । यसैगरी भौतिकवाद र अध्यात्मवादको मिलनबाट जीवन सार्थक हुन सक्छ भन्ने सन्देश सुम्निमा उपन्यासले दिएको छ। समालोचक इन्द्रबहादुर राईले सुम्निमा मा देह र आत्माको मिलन भएको उल्लेख गर्दै उपन्यासमा आत्माचिन्तनको सङ्केत गरेका छन् । (राई, पृ. २७४) उनको यस्तो दृष्टिकोण सुम्निमा मा अस्तित्ववादी चिन्तनको व्याख्या गर्ने सन्दर्भमा आएको हो । अर्का समालोचक राजेन्द्र सुवेदी जीवनको नश्वरताभित्र अस्तित्व पहिल्याउने सन्दर्भमा सुम्निमा अन्त्यन्त तीव्र र सफल बनेको उल्लेख गर्छन् । (सुवेदी, पृ. ३२४) सुवेदीले सुम्निमा मा विसङ्गत पक्षको विश्लेषणका सन्दर्भमा यस्तो निष्कर्ष निकालेका हुन् । समालोचक कृष्णचन्द्रसिंह प्रधानका अनुसार सुम्निमा उपन्यासमा सोमदत्तले भोगकामनालाई तपस्याद्वारा जितेको छ । त्यसैले यसमा भौतिक र अध्यात्मको प्रतिद्वन्द्विता रहेको उनको ठम्याइ छ । (प्रधान, पृ. ३७४) अर्का समालोचक कृष्ण गौतमले पनि सुम्निमा उपन्यासमा अध्यात्मवाद र भौतिकवादको द्वन्द्व रहेको दृष्टिकोण अघि सारेका छन् (गौतम, पृ. २०६) ।

सुम्निमा पूर्वीय दर्शन, संस्कृति र जीवनदर्शनसँग जोडिएको कृति हो । यसमा आत्मवाद र शरीरवाद, भौतिकवाद र अध्यात्मवादबिचको द्वन्द्वलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ। समालोचक इन्द्रबहादुर राईले आत्म-देहको मिलनलाई अस्तित्ववादी चिन्तनसँग जोडेका छन् भने राजेन्द्र सुवेदीले जीवनको नश्वरताभित्रको अस्तित्व पहिचानलाई प्रस्ट्याएका छन् । कृष्णचन्द्रसिंह प्रधानले भोगकामना र तपस्याबिचको सङ्घर्षलाई भौतिक-अध्यात्म द्वन्द्वका रूपमा देखाएका छन् । समालोचक कृष्ण गौतमले पनि यही दृष्टिकोणलाई समर्थन गरेका छन् । यसरी सुम्निमा मानव जीवनको सार्थकता भौतिक र अध्यात्मको सन्तुलित मिलनमा निहित छ भन्ने विषयमा अध्ययन भए पनि यसभित्र अन्तर्निहित आत्माचिन्तन कसरी अभिव्यक्त भएको छ भन्ने शोध्य प्रश्नको समाधान हुन सकेको छैन । त्यसैले यो अध्ययन औचित्पूर्ण बनेको हो ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा  आधारित छ । अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालय कार्यद्वारा गरिएको छ। सङ्कलित सामग्रीमध्ये सुम्निमा उपन्यास प्राथमिक सामग्री हो। 'सुम्निमा' उपन्यासमाथि यसअघि भएका अध्ययन र वेदान्त दर्शनको आत्माचिन्तन विषयक अध्ययन द्वितीयक सामग्री हुन् । सङ्कलित सामग्रीको विश्लेषण विषयवस्तु विश्लेषण विधिमा गरिएको छ । यस अध्ययनको सैद्धान्तिक ढाँचा वेदान्त दर्शनको आत्माचिन्तनमा आधारित छ । सैद्धान्तिक ढाँचा र विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । आत्माचिन्तन यस अध्ययनको मुख्य अवधारणा हो । आत्मा र शरीर त्यस अवधारणाको सूचक हो । अध्ययनका क्रममा वेदान्त दर्शनभित्रको आत्माको परिचय, स्वरूप र विशेषतालाई चिनाउँदै त्यसकै आधारमा सुम्निमा उपन्यासको विश्लेषण गरिएको छ ।

## वेदान्तदर्शन र आत्मा

वेदान्त दर्शनको आदिस्रोत वेद हो । वैदिक साहित्यका संहिता, ब्राह्मण, आरण्यक, उपनिषद् गरी चार खण्ड छन् । संहिता भनेको उपासनासँग सम्बन्धित मन्त्रहरूको भाग हो ।  यज्ञहरूको सर्वाङ्गपूर्ण विवेचन गर्नु ब्राह्मणग्रन्थको मुख्य विषय हो । वेदको आरण्यक भागमा मूलतः यज्ञको गूढ रहस्य प्रतिपादन र कर्मकाण्डको दार्शनिक व्याख्या गरिएको छ । उपनिषद्को अर्थ रहस्यमय विद्या हो । उपनिषद्बाट नै मानिसले भौतिक

जीवनको भ्रम हटाई मुक्ति प्राप्त गरी सद्गति प्राप्त गर्दछ भन्ने विश्वास गरिन्छ । साथै उपनिषद्बाट सम्पूर्ण अज्ञान नाश भई ब्रह्मज्ञान प्राप्ति हुन्छ भन्ने मान्यता छ । त्यसैले उपनिषद्लाई ज्ञानकाण्ड भनिएको पाइन्छ । आदि शङ्कराचार्यले उपनिषद्लाई ब्रह्मज्ञान भनेका छन् । उपनिषद्को अध्ययनपछि मानिस भ्रमबाट मुक्त हुन्छ र सत्य प्राप्त गर्दछ । ज्ञान प्राप्त गरेपछि अज्ञान पूर्ण रूपमा नाश हुन्छ । (सिन्हा, पृ.५५)

वेदको अन्तिम भाग उपनिषद् हो । उपनिषद्मा जुन सिद्धान्त प्रतिवादन गरिएको छ, त्यसलाई वेदान्त भनिन्छ । (राधाकृष्णन्, पृ. ३६८) उपनिषद्मा जगत्, ब्रह्म, आत्मा, पुनर्जन्म, मोक्ष आदि विषयमाथि गहन दृष्टिकोण अघि सारिएको छ । ज्ञानको वर्णन गरिएको हुनाले उपनिषद्लाई ज्ञानकाण्ड भनिन्छ । वेदान्त दर्शनअनुसार ज्ञान प्राप्तिका तीन मार्ग छन्- श्रुतिप्रस्थान, स्मृतिप्रस्थान र न्यायप्रस्थान । यी तीनको संयोगलाई प्रस्थानत्रयी  भनिन्छ । त्यसैले वेदान्त भन्नेबित्तिकै यी तीन ग्रन्थ बुझ्नुपर्ने हुन्छ । उपनिषद् श्रुतिप्रस्थान हो । उपनिषद्का रचनाकार प्राचीन ऋषिमहर्षि हुन् । उपनिषद्लाई ब्रह्मविद्या भनिन्छ । उपनिषद्को सारतत्त्व ब्रह्मको व्यापकता सिद्ध गर्नु हो । उपनिषद्ले परमसत्य भनेर ब्रह्मलाई मान्छ । उपनिषद्को प्रतिपाद्य विषय आत्मा हो । आत्मा र ब्रह्मलाई उपनिषद्मा अभिन्न मानिएको छ । 'तत्त्वमसि', अहं ब्रह्मास्मि' जस्ता महावाक्यले आत्मा र ब्रह्मको अभेदतामा जोड दिएका छन् । (सिन्हा, पृ.६०) आत्माको अतिरिक्त संसारमा अरू कुनै सत्य छैन भन्दै आत्मालाई उपनिषद्मा बढी जोड दिइएको छ ।

सूत्रात्मक ग्रन्थ ब्रह्मसूत्रका रचनाकार वादरायण (वेदव्यास) हुन् । ब्रह्मसूत्रको प्रतिपाद्य विषय आत्मचिन्तन, ब्रह्मचिन्तन र जगत् चिन्तन हो । श्रीमद्भागवद्गीता व्यासप्रणीत महाभारतको भीष्म पर्वबाट लिइएको हो । गीतामा विशाल ब्रह्माण्डमा आत्मातत्त्व व्यापक रूपमा रहेको छ र त्यो अविनाशी हुन्छ भनेर वर्णन गरिएको छ । वेदान्तमा जगत्, ब्रह्म, आत्मा, पुनर्जन्म, मोक्षजस्ता विषयमा गहन दृष्टिकोण अघि सारिएको छ । जगत्लाई मिथ्या र ब्रह्मलाई सत्य मान्ने वेदान्त दर्शनले आत्माको अमरता स्वीकार गरेको छ ।

आत्मा संस्कृतको 'अत्' धातुबाट व्युत्पन्न भएको शब्द हो । यसको अर्थ हुन्छ- सदैव चलिरहनु । जसले विषयहरूलाई प्राप्त गर्छ, जसले ग्रहण गर्छ, जसले सबै विषयको भोग गर्छ, जसको शाश्वत स्वभाव हुन्छ, त्यसलाई आत्मा भनिन्छ । (लिङ्ग पुराण १।७०।९६ पृ.३१२) वेदान्त दर्शनमा आत्मालाई एउटै शब्दले चिनाएको भने पाइँदैन । आत्माको पर्यायका रूपमा अनेक शब्दहरूको प्रयोग भएको पाइन्छ । आत्मालाई कसैले तत्त्व भन्दछन् । कसैले ज्ञान भन्दछन् । कोही अद्वैत भन्दछन् । कसैले परमात्मा भन्दछन् । कसैले ब्रह्म भन्दछन् । (श्रीमद्भागवद्महापुराण-१.२.११) वेदान्त दर्शनमा आत्माको श्रेष्ठतालाई स्वीकार गरिएको छ । आत्माभन्दा ठुलो वस्तु केही छैन भन्ने उपनिषद् वाक्यको निचोड छ । हाम्रो इन्द्रियभन्दा मन श्रेष्ठ छ । मनभन्दा बुद्धि श्रेष्ठ छ । बुद्धिभन्दा महतत्त्व श्रेष्ठ छ । महतत्त्वभन्दा मूल प्रकृति श्रेष्ठ छ । मूल प्रकृतिभन्दा श्रेष्ठ आत्मा छ । (कठोपनिषद्, पृ. १५६) यसैगरी आत्मालाई ब्रह्मका रूपमा चिनाइएको छ । माण्डूक्योपनिषद्मा 'अयात्माब्रह्म' भनिएको छ । यसको अर्थ आत्मा नै ब्रह्म हो । (माण्डूक्योपनिषद्, पृ. ८) आत्माको यथार्थ सत्ता स्वीकार गर्नु भनेको नित्य ब्रह्मकै स्वीकार गर्नु हो । ब्रह्म छ भन्ने प्रमाण प्रत्येक आत्माको आधारभूमि हो । (राधाकृष्ण, पृ. ३११) आत्मा देखिने वस्तु होइन, यो अनुभव गरिने वस्तु हो । आत्मालाई कसैले पनि आँखाले देख्दैन । किन्तु विकल्पशून्य बुद्धिले मननरूप यथार्थ दर्शनले प्रकाश हुँदा जान्न सकिन्छ । त्यसलाई जसले 'यो ब्रह्म हो' भनेर जान्दछन्, ती मुक्त हुन्छन् (कठोपनिषद्, पृ. १५७) ।

आत्माको अस्तित्व सृष्टि हुनुभन्दा पहिलादेखि नै थियो । प्रलयपछि पनि यसको अस्तित्व कायमै रहनेछ । सृष्टि नै आत्माबाट भएकाले यो व्यापक र शाश्वत छ । आत्मा भनिने ब्रह्मबाट शब्द गुण भएको आकाश उत्पन्न भयो (तैत्तिरियोपनिषद्, पृ. ८५) । यो जगत् सृष्टि हुनुभन्दा पहिले एकमात्र आत्मा थियो । त्यसबाहेक अरू कोही र केही थिएन (ऐतरेयोपनिषद् ३३) ।

आत्माको स्वरूपका बारेमा उपनिषद्मा विभिन्न तर्कहरू अघि सारिएका छन् । आत्मातत्त्व आफ्नो स्थितिबाट कहिल्यै चल्छ पनि कहिले चल्दैन पनि । आत्मा टाढा पनि छ । नजिक पनि छ । यो सबैको भित्र पनि छ । सबैको बाहिर पनि छ । (ईशावास्योपनिषद्, २५) आत्मा सबैतिर छ । शुद्ध छ । यो सूक्ष्म र स्थूल शरीररहित छ । धर्म र अधर्मले वर्जित छ । प्रकाशमय र सर्वदर्शी छ । यो आकाशजस्तै समस्त वस्तुलाई व्याप्त गरेर रहेको छ । (ईशावास्योपनिषद्, २८) सबैतिर भए पनि आत्मा कसैले देख्न सक्दैन भन्ने वेदान्त दर्शनको मान्यता छ । आत्माको स्वरूप कस्तो छ भने बसीबसीकन पनि टाढा जान्छ । सुतीसुतीकन पनि सर्वत्र पुग्छ । हर्षयुक्त पनि छ । हर्षरहित पनि छ (कठोपनिषद्, ७५) ।

आत्माबारे स्पष्ट हुन तैत्तिरीयोपनिषद्मा वर्णन गरिएको शरीरादि जीवका पाँच कोषका लक्षण सहयोगी हुन्छन् । पाँचमध्ये पहिलो अन्नमय कोष हो । स्थूल शरीरलाई अन्नमय कोष भनिन्छ । यस्तो कोष अन्नमा आधारित हुन्छ । (तैत्तिरीयोपनिषद् पृ.११३) अन्नमय शरीरदेखि भित्र प्राणमय शरीर छ । यस्तो कोष शरीरलाई चलायमान बनाउन प्राणशक्तिद्वारा निर्मित हुन्छ । प्राण नै प्राणीको आयु हो भनिएको छ । प्राणमय कोषदेखि भित्र मनोमय कोष हुन्छ । त्यसबाटै प्राणमय शरीर पूर्ण हुन आउँछ । (तैत्तिरीयोपनिषद् पृ.११८) मनोमय शरीरदेखि भिन्न त्यसभित्र अर्को विज्ञानमय शरीर छ । विज्ञानमय शरीर मनुष्यकै आकारको छ । विज्ञानमय कोश शरीरस्थ आत्मा हो । (तैत्तिरीयोपनिषद्, पृ. १२९) यो कोश ज्ञाता र ज्ञेयको भेदबाट शुद्ध चैतन्य हुन्छ । विज्ञानमय शरीरदेखि भिन्न त्यसभित्र आनन्दमय आत्मा छ । यसमा आनन्दको निवास हुन्छ । यो परमार्थिक एवम् पूर्ण हुन्छ । यही आत्माको ज्ञान भएपछि जीवात्मा बन्धनबाट मुक्त हुन्छ ।

आत्मालाई वेदान्त दर्शनमा मोक्षप्राप्तिको साधन मानिएको छ । मुण्डकोपनिषद् (पृ. ६९) मा उल्लेख छ-''जुन ब्रह्ममा द्युलोक, पृथ्वीलोक, अन्तरिक्ष लोक र सम्पूर्ण प्राण इन्द्रियहरूसहित मन ओतप्रोत छ, त्यही एउटा आत्मतत्त्वलाई जान । यो आत्मा नै मोक्ष प्राप्तिको साधन हो ।'' आत्मातत्त्वलाई जान्नु भनेको ब्रह्मलाई जान्नु हो । त्यसैले आत्मालाई मोक्षप्राप्तिको साधन मानिएको हो ।

माण्डूक्योपनिषद्का अनुसार आत्माका चार अवस्था हुन्छन् । पहिलो जाग्रत् अवस्था हो । यस अवस्थामा बाहिरी विषयमा बुद्धि केन्द्रित हुन्छ । विषयको भोग गर्न चाहन्छ । यसलाई वैश्वानर आत्मा भनिन्छ । अनेक साधन भएको बाह्य विषय भएको जस्तो भई प्रतीत हुने बुद्धि मनको स्फुरण मात्र रूपको भई मनमा त्यस्तै संस्कार बसालिदिने स्वप्न अवस्था हो । भित्री वासनात्मक प्रज्ञालाई भोग गर्ने भएकाले यसलाई तैजस भनिन्छ ।

सुतेको बेलामा कुनै भोगको पनि इच्छा गर्दैन । कुनै सपना पनि देख्दैन । त्यो अवस्था सुषुप्ति हो । धेरैजसो आनन्द भएको, त्यस आनन्दलाई भोग गर्ने, स्वप्नजाग्रत अवस्था पाउनलाई बोधस्वरूप चित्तद्वार भएको आत्मा 'प्राज्ञ' हो । दक्षिण नेत्र रूप द्वारमा विश्व रहेको हुन्छ । तैजस मनको भित्र रहेको हुन्छ भने प्राज्ञ हृदय आकाशमा रहेको हुन्छ । यस प्रकार एउटै आत्मा शरीरमा तीन प्रकारले रहेको हुन्छ । वैश्वानर सधैँ स्थूल पदार्थ भोग्न चाहन्छ । तैजस सूक्ष्म पदार्थलाई भोग्न चाहन्छ भने प्राज्ञ आनन्दलाई भोग्न चाहन्छ । यसैगरी स्थूल पदार्थले विश्वको तृप्ति गर्दछ । सूक्ष्मले तैजसको तृप्ति गर्दछ र आनन्दले प्राज्ञको तृप्ति गर्दछ (माण्डूक्योपनिषद्, पृ. २६) ।

व्यवहारमा ल्याउन नसकिने, कर्मेन्द्रियले नपक्रिने, अनुमानबाट पनि नजानिने, चिन्तनै गर्न नसकिने अनि शब्दले बुझाउन पनि नसकिने, जाग्रत आदि अवस्थामा यो एकै आत्मा हो भन्ने प्रतीति नै सार भएको, सकल प्रपञ्चरहित, अविकारी, कल्याणस्वरूप, भेदविकल्परहित त्यो खास आत्मालाई तुरीय अवस्था भनिएको छ । तुरीय अवस्थालाई अन्य तीन अवस्थाभन्दा विलक्षण मानिएको छ ।

आत्माको अनुभव कसरी हुन्छ त ? सर्वदा सत्य बोल्नाले, मन र इन्द्रियको एकाग्रताले र ब्रह्मचर्यमा रहनाले आत्माको अनुभव गर्न सकिन्छ । आत्मा आँखा, वाणी, इन्द्रिय, तप, अग्निहोत्रादि कर्म केहीले पनि उपलब्ध हुँदैन । ज्ञानले निर्मल भई शुद्ध अन्तः करण भएको साधकले एकाग्र मनले चिन्तन गर्दा सम्पूर्ण

अवयवभेदले रहित आत्मालाई देख्दछ। आत्मवेत्ता व्यक्तिले जुन जुन लोकको कामना गर्छ र जस-जस भोगको इच्छा गर्छ, ऊ त्यही त्यही लोक र त्यही भोग प्राप्त गर्छ। त्यसैले ऐश्वर्यको इच्छा गर्ने पुरुषले आत्मज्ञानीको पूजा गर्नुपर्छ (मूण्डकोपनिषद्, पृ. १०२)। ब्रह्मविद्याको उदय भएपछि आत्मतत्त्वको वास्तविक ज्ञान हुन पुग्छ। यही अवस्थालाई मुक्तिको अवस्था भनिन्छ। यस्तो अवस्थामा ज्ञाता र ज्ञेयको भेद समाप्त हुन्छ र ज्ञाता स्वयम् ज्ञेय वा ब्रह्म हुन्छ भन्ने वेदान्त दर्शनको मान्यता छ। धेरै पढ्नाले, पढेका ग्रन्थको अर्थधारण गर्न सक्नाले, धेरै शास्त्र सुन्नाले आत्मज्ञान हुन सक्दैन। जसले अरू सबै थोक छाडेर यही आत्मा पाउने अभिलाषा गर्दछ, त्यही अभिलाषा तीव्र बनाएपछि आत्माले जिज्ञासुलाई आफ्नो स्वरूप प्रकाश गर्दछ (मुण्डकोपनिषद् १०६)।

वेदान्त दर्शनले आत्माको अमरतामा जोड दिएको छ। आत्मालाई हतियारले काट्न सक्दैन। आगोले जलाउन सक्दैन। हावाले उडाउन सक्दैन। जसरी हामीले आफ्नो वस्त्र परिवर्तन गर्छौं, त्यसरी नै आत्माले शरीर परिवर्तन गर्छ (श्रीमद्‌भवद्‌गीता, २।२३)। नित्य ज्ञान स्वरूप आत्मा जन्मदैन, मर्दैन। यो कुनै कारणबाट उत्पन्न भएको होइन। न आफैँ अर्को थोक भएको हो। यो अजन्मा स्थायी क्षयरहित वस्तु हो। यस कारण शरीर हतियारहरूले मारिँदा यो मारिँदैन (कठोपनिषद्, पृ. ७१)।

जीव र आत्मामा भिन्नता छ। जीव वैयक्तिक आत्मा हो भने आत्मा परमतत्त्व हो। जीवले कर्मको फल भोग्छ। सुखदुःखको अनुभव गर्छ। आत्मा यस विपरीत कूटस्थ हुन्छ। जीव अज्ञानी रहेकाले सुखदुःखको सामना गर्नुपर्छ। आत्माको ज्ञान भएपछि जीवात्मा दुःखको बन्धनबाट मुक्त हुन्छ।

आत्मा एउटै छ। जीवमा त्यो आत्मारूपी प्रकाशको अंश रहेको हुन्छ। यसलाई एउटा उदाहरणबाट पुष्टि गर्न सकिन्छ। आकाशमा एउटै चन्द्रमा हुन्छ। धर्तीमा पानीको एउटा भाँडोमा त्यही एउटा चन्द्रमाको प्रतिबिम्ब देखिन्छ। हजारौँ पानीका भाँडा रहेमा चन्द्रमाका त्यति नै प्रतिबिम्ब देखिन्छ। यस्तो बेलामा प्रश्न उठ्न सक्छ- चन्द्रमा कतिवटा छन् ? हामी प्रतिबिम्बलाई मूल चन्द्रमा त मान्न सक्दैनौँ। उत्तर हो आकाशमा रहेको एउटै चन्द्रमा। अनि ती हजारौँ घडा फुटेमा चन्द्रका सबै प्रतिबिम्ब नाश हुन्छन्। तर मूल चन्द्रमा त बाँकी रहन्छ। जसरी मूल चन्द्रमा बाँकी रहन्छ, त्यसरी नै आत्मा पनि कहिल्यै नाश हुँदैन। आत्मा ठोस वस्तु होइन, त्यसैले यो शरीरको यो भागमा बस्छ भनेर भन्न सकिँदैन। यो त सूक्ष्म वस्तु हो। त्यसैले यसलाई हाम्रा स्थूल आँखा (बाह्य चक्षु) ले देख्न सक्दैन। सानो भइकन पनि सर्वव्यापी आत्मालाई बुद्धिले मात्र अनुभव गर्न सकिन्छ। त्यसैले आत्मा अनुभूतिको विषय हो। अधिकांश दर्शनले आत्मालाई शुद्ध चेतना मानेका छन्। आत्मा भन्नु नै स्वयम् चेतना हो। सूर्यको अगाडि दियो देखाउन प्रमाणको आवश्यक हुँदैन। त्यसैगरी आत्माको अस्तित्व सिद्ध गर्नका लागि कुनै प्रमाण आवश्यक हुँदैन। वेदान्त दर्शनमा आत्मा र ब्रह्मबिच अभिन्नता देखाइएको छ।

## सुम्निमा उपन्यासमा आत्माचिन्तन

सुम्निमा उपन्यासमा सूर्यदत्त र सोमदत्तका माध्यमबाट आत्माचिन्तन अभिव्यक्त भएको छ। सोमदत्त उपन्यासको प्रमुख पुरुष पात्र हो। सोमदत्तलाई सानैदेखि शरीरभन्दा आत्माको अमरतामा विश्वास व्यक्त भएको छ। गोठालो जाँदा भेट भएकी सुम्निमासँग प्रारम्भमै सोमदत्तले शरीर र आत्माबारे चर्चा गरेको छ। घरमा पितासँग आत्माचिन्तनमा केन्द्रित हुने गरेको सोमदत्त पुलोमासँग वैवाहिक सम्बन्ध राखेपछि पनि आत्माचिन्तनमै सक्रिय छ। आत्माको अनुभूतिका लागि ज्ञानआर्जन गर्नुपर्छ भन्नेमा उसको दृढता छ। त्यसैले प्रस्तुत उपन्यासमा आत्मावादी दृष्टिकोण सोमदत्तको वरिपरि केन्द्रित छ।

सोमदत्त तापसी ब्राह्मणकुलमा जन्मिएको युवक हो। उसले आफूलाई सनातन संस्कृतिबाट विकसित शास्त्रविहित कर्ममा लगाएको छ। पिताबाट वेद, उपनिषद् र धर्मशास्त्रको अध्ययन गरेपछि उसले आफ्नो जीवनमार्ग वैदिक धर्मतर्फ लगाएको छ।

सोमदत्तको आत्मावादी दृष्टिकोण सुम्निमासँगको संवादबाट थालनी हुन्छ । किराँत कुलमा जन्मिएकी आदिवासी बालिका सुम्निमासँगको संवादमा उसले आत्माचिन्तनलाई जीवनको प्रमुख लक्ष्य रहेको बताएर नश्वर शरीरको अनित्यतालाई त्याग्नुपर्ने सन्देश दिएको छ ।

आत्मावादी भएकै कारण सूर्यदत्त दम्पती छोरा सोमदत्तसँग निकै खुसी भएका छन् । आमाबाबुको अगाडि सोमदत्त एक आदर्श र मेधावी एवम् तापसी पुत्रका रूपमा उपस्थित छ । सोमदत्तले आत्माज्ञानका बारेमा प्रवचन दिँदा आमाबाबु धन्यधन्य भएका छन् । आध्यात्मिक चिन्तनमा लागेर शास्त्रको गहिरो ज्ञान आर्जन गर्ने सोमदत्तजस्तो छोरा पाउँदा उनीहरू आफूलाई निकै भाग्यमानी ठान्न पुग्छन् ।

पुलोमासँग दाम्पत्य जीवन बिताउने सुनिश्चित भएपछि सोमदत्तले ऊसँग पनि आत्माका बारेमा गहिरो विमर्श गरेको छ । विवाह भएपछि पनि उनीहरू आत्माचिन्तनका विषयमा शास्त्रार्थमा संलग्न हुन्छन् । पुलोमा पनि तापसी भएकाले सोमदत्तसँग शास्त्रार्थ गर्न उसलाई कुनै समस्या पर्दैन । विवाहको केही समयपछि पुलोमा र सोमदत्तमाथि दुई प्रमुख जिम्मेवारी आइलाग्छन् : पहिलो, शास्त्रार्थ गरेर आत्माज्ञानमा रमाउँदै मोक्ष प्राप्तिको मार्गमा लाग्ने र दोस्रो, गृहस्थधर्मलाई पूरा गर्न सन्तान जन्माएर मातापितालाई खुसी बनाउने । सोमदत्त दम्पतीले गृहस्थ धर्म पूरा गर्नका लागि अनेक प्रयत्न गरेका छन् । शास्त्रले तोकेबमोजिम अनेक यज्ञ गर्दा पनि सोमदत्त र पुलोमाबाट सन्तानको उत्पत्ति हुँदैन । त्यसपछि उनीहरूमा न पारिवारिक आनन्द प्रवेश गऱ्यो न त आत्माचिन्तन र शास्त्रार्थबारेमा उनीहरू सक्रिय हुन पाए । सुम्निमासँग भएको शरीर र आत्मासम्बन्धी संवादले उपन्यासको कथानकलाई कौतूहलपूर्ण बनाएको छ । सोमदत्त र पुलोमाबिचको संवादका भएको आत्मा चिन्तनले दुवैलाई तापसी ब्राह्मण-ब्राह्मणीका रूपमा चिनाएको छ ।

## सोमदत्त र आत्माचिन्तन

सोमदत्त तापसी ब्राह्मणदम्पती सूर्यदत्तको एकमात्र पुत्र हो । द्विजधार्मानुकूल यज्ञोपवित संस्कारसम्बन्धी यज्ञादि क्रियामा उसले संस्कारपूर्ण वेदपाठ र शुद्ध मन्त्रोच्चारण गरेर उपस्थित ब्राह्मण समुदायलाई मुग्ध पारेको छ । (कोइराला, २०६६: ३) उसको त्यस्तो प्रतिभा देखेर उनीहरूले महात्माका सबै विशिष्ट लक्षण विद्यमान भएकाले सोमदत्त श्रेष्ठ बालक हुन्छ भनेर भविष्यवाणी गरेका छन् । ग्रामवासीले उसलाई विलक्षण बालकका रूपमा लिएका छन् । उसले प्राचीन ऋषिहरूको मर्यादा थाम्ने उनीहरूको विश्वास छ । (कोइराला, २०६६: ३) सोमदत्तलाई समुचित शिक्षादीक्षा दिनकै लागि सूर्यदत्त दम्पती वानप्रस्थी बनेका छन् । बिहानबिहान बाबुसँगै उठेर नदीमा स्नान गर्नु, गङ्गास्तवनपछि मस्तकमा त्रिपुण्ड्र र देहमा विभूत धारण गर्नु, धेरै बेरसम्म गायत्री जप गर्नु, रविवन्दना गर्नु, घिउ, जौ र तिल मिसाएको चरुको हवन गर्नु, देवता-पितृको उपासना गर्नु जस्ता क्रियाकलापले उसको तापसी स्वभावलाई उजागर गरेको छ । (कोइराला, २०६६: ५) सोमदत्तले आत्माज्ञानका लागि आफ्नो अध्ययनको सीमालाई निकै फराकिलो बनाएको छ । सानै उमेरमा वेद, उपनिषद्, वेदान्त दर्शन आदिको कठोर अध्ययनतर्फ निर्लिप्त भएर (कोइराला, २०६६: १८) सोमदत्तले आफूलाई सशक्त आत्मचिन्तकका रूपमा चिनाएको छ । उसले पिताबाट वेद, उपनिषद् र धर्मग्रन्थको अध्ययन गरेको हो । सोमदत्तले शास्त्र पढेन मात्र त्यसको व्याख्यानमा पनि उत्तिकै सक्रिय भएको देखिन्छ । पितासँग बेलाबेलामा शास्त्रार्थमा सहभागी हुँदा सोमदत्त आत्माचिन्तनमा केन्द्रित भएको पाइन्छ ।

सोमदत्तलाई आत्माज्ञानमा लाग्ने शिक्षा र प्रेरणा आफ्नै पिताबाट भएको हो । यौवनावस्थामा पुगेपछि उसलाई पिताले यौवनको कठोरतम परीक्षणबाट उत्तीर्ण हुन आग्रह गरेका छन् । जवान भएपछि बाह्य शरीरजनित मोहले ज्ञानलाई छोपिदिन्छ र सर्वशक्तिसम्पन्नताका साथ मनुष्यको आत्माउपर आक्रमण गर्दछ भन्ने मान्यता सूर्यदत्तको छ । उसले छोरालाई यौवनको कठोरतम परीक्षाबाट उत्तीर्ण हुन सकेमा परमपद

प्राप्तिको मार्ग सुगम हुने बताएको छ (कोइराला, २०६६: १९) ।

सोमदत्तमा बिस्तारै आत्मा र परमात्माको अभेद प्राप्त गर्ने ज्ञान पनि बढ्दै जान्छ । त्यसका लागि शरीरको आग्रह अर्थात् इन्द्रियसुखलाई निर्मूल पार्नुपर्छ भन्ने दृढता सोमदत्तमा देखिन्छ । शरीरको सुख त्याग गरेपछि मानिस विरतस्थितिमा पुग्न छ । जहाँ परमात्माको भेदशून्य भएर अभेद प्राप्त हुन्छ भन्ने विश्वास सोमदत्तले व्यक्त गरेको छ (कोइराला, २०६६: १९) ।

सोमदत्तका अनुसार शरीर नाशवान् छ । शरीर पापको खाडल हो । त्यसैले ऊ कहिल्यै पनि शरीरको चिन्तनमा संलग्न छैन । शरीर जस्तोसुकै भए पनि आत्मा शुद्ध हुनुपर्छ भन्ने मान्यता सोमदत्तको छ । आत्मा र परमात्माबारे राम्रो ज्ञान भएका कारण मानिसले सबैभन्दा पहिला आत्माको आराधना गर्नुपर्ने दृष्टिकोण सोमदत्तको छ । उसले भनेको छ -

देवताको सत्य रूप त हाम्रो हृदयभित्र निवास गर्छ, त्यो हृदयको देवता र ब्रह्माण्डमा व्याप्त देवता एउटै हो- आत्मा र परमात्मा । यज्ञ दान आदिले स्वर्गलोक, प्रेतलोक आदि अनेकानेक लोकका देवीदेवताहरूलाई तृप्त पार्दै आत्मामा रहेको परब्रह्म रूप परमेश्वरको पनि आराधना हुन्छ । (कोइराला,२०६६: १५)

शरीरको प्रशंसा गरेर समय नाश गर्नुभन्दा आत्माचिन्तनमा लागेमा जीवन सफल हुने विश्वास सोमदत्तमा देखिन्छ । (कोइराला,२०६६: १८) सोमदत्तलाई पिताले विषयवासना निकृष्ट तत्त्व भन्ने शिक्षा दिएका छन् । पिता सूर्यदत्तका अनुसार शरीरले आनन्द पाउनु भनेको विषसमान हो । त्यसैले घोर तपस्याबाट प्राप्त महासागरबाट पनि महान् आत्मोपलब्धिलाई यसको सूक्ष्म बुँदले विषाक्त बनाइदिन्छ (कोइराला, २०६६ १९) ।

सोमदत्त हुर्कँदै जान्छ । उसमा बिस्तारै आत्माको चिन्तन बढ्दै जान्छ । अध्यात्मवादी तापसी सोमदत्तले आफ्नो तपस्याको प्रयोग गर्दै ध्यानलाई बाह्यजगत्बाट खिचेको छ । अनि त्यसलाई आत्मान्तरमा बाँधेर राख्ने प्रयत्न गरेको छ (कोइराला, २०६६: २०) ।

तापसी सूर्यदत्त दम्पती पुत्रमा बढ्दै गएको आत्माज्ञानका कारण निकै खुसी छन् । उनीहरूलाई छोरो भोगविलासबाट बाहिर गएकोमा कुनै पछुताउ भएको देखिँदैन । सोमदत्तले आत्माज्ञान प्राप्त गरेपछि त्यसलाई हस्तान्तरण गर्दै आएको छ । ऊ दिनभर आत्मासम्बन्धी प्रवचन दिन सक्ने भएको छ । यस क्रममा उसले वेद-उपनिषद् र अन्यान्य धर्मग्रन्थका उल्लेख-उदाहरण तथा विद्वत्तापूर्ण विचारविन्दुका साथ परमात्माको व्याख्या गरेको छ । छोराको यस्तो चाला देखेर उसकी आमा आफ्नो कोखलाई धन्य धन्य मान्दछे भने पिता पितृत्वको सार्थकता सिद्ध भएको ठान्दथे (कोइराला, २०६६: ३३)

### भौतिकवादी सुम्निमा र आत्माचिन्तन

सोमदत्त र सुम्निाको उमेर उस्तै छ । किशोर हुँदै गएपछि सुम्निमाप्रति सोमदत्तको आकर्षण बढेको छ । यद्यपि उसले आफ्नो मर्यादालाई उल्लङ्घन गर्न सकेको छैन ।

सोमदत्तले शरीर सुखलाई कहिल्यै चासो दिएको छैन । ऊ जे सत्य हो, त्यही कुराको अनुशरण गर्छ । सोमदत्तलाई जे कुरा असत्य लाग्छ, त्यसलाई त्याग्दै गएको छ । सुम्निमासँगको संवादमा उनले आत्मा नै सत्य हो भन्ने अभिव्यक्त प्रस्तुत गरेको छ । सुम्निमाले सोधी- सत्य के हो नि ? सोमदत्तले भन्यो- आत्मा (कोइराला, २०६६: २०) सुम्निमाले सोमदत्तको आत्मा विषयक अभिव्यक्तिलाई जिज्ञासापूर्वक स्वीकार गरेकी छ । सोमदत्तले आत्मा नै सत्य हो भन्ने अभिव्यक्ति दिँदा सुम्निमा निकै खुसी भएको छ । उसको हृदयमा आनन्दको लहर नाच्न र उफ्रिन लागेको छ । यसबाट आफूले सुम्निमालाई पनि आत्माज्ञानतर्फ फर्काउन सकेको विश्वास सोमदत्तले लिएको देखिन्छ ।

सोमदत्तले आत्माचिन्तनका लागि अध्ययन र चिन्तन बृहत् रूपमा गरेको छ । उसले समाधिस्थ भएर

आत्माचिन्तन गरेको छ । (कोइराला, २०६६: २१) उसलाई आनन्द प्राप्त गर्न निकै कठोर तपस्या गर्नुपर्छ भन्ने तथ्यको बोध भएको छ । त्यस्तो आनन्द आत्माज्ञानबाट मात्र सम्भव छ भन्ने दृष्टिकोण सोमदत्तको छ । ऊ शरीरभन्दा बाहिर मात्रै आनन्द प्राप्त हुन्छ भन्ने विश्वासमा छ । त्यसैले उसले जीवधारी शरीरलाई महत्त्व दिएको छैन । (कोइराला, २०६६: २२) सोमदत्तले आत्माबोध गर्नका लागि मानिसले इन्द्रियका अनियन्त्रित चार अश्व असंयमी, असंस्कृत, दुर्दान्त, पाशविक जस्ता विषय नियन्त्रणमा राख्नुपर्ने सन्देश दिएको छ । आत्मा प्राप्त गर्नाका लागि साधनको लक्ष्य नै अश्वारोहीले गरेजस्तो नियन्त्रणमा राख्नु हो । (कोइराला, २०६६: २३) सोमदत्तलाई आत्माज्ञान हुँदै गएपछि उसलाई आफ्नो शरीर आफ्नै नियन्त्रणमा नरहेको स्पष्ट भएको छ ।

युवती बन्दै गरेकी सुम्निमा अगाडि आउँदा पनि सोमदत्त आकर्षित भएको छैन । शरीर र सौन्दर्यले त मानिसको आत्माको विकासमा बाधक हुन्छ भनेर उसले सुम्निमालाई आफ्नो आत्माको विकासमा बाधक नबन्न अनुरोध गरेको छ । सोमदत्तका अनुसार आत्मा क्षणभङ्गुर छ । यो नाशवान् छ । आत्मा भने नाशवान् छैन । त्यसैले उसले नित्यको सेवन गर्नुपर्छ र अनित्यको त्याग गर्नुपर्छ भन्ने सन्देश सुम्निमालाई दिएको छ । (कोइराला, २०६६: २४) आत्मा र शरीरका विषयमा सोमदत्त र सुम्निमाबिच संवाद भएको छ । सुम्निमा शरीर चाँडै छाड्नुपर्ने भएकाले यसलाई सफासुग्घर राख्नुपर्ने विचार व्यक्त गर्दछे । आत्मा सधैँभरि रहने भएकाले यसको रक्षा गर्न आवश्यक नरहेको उसको भनाइ छ । सोमदत्त आत्मा हिमालजस्तो अटल र सदा स्थायी रहेको तर्क गर्छ । शरीर त राम्रो फूलजस्तै हो । त्यो केही क्षणमा झरिहाल्छ । अनन्त आनन्दको प्राप्ति जीवनको लक्ष्य हो र यो आत्माज्ञानबाट मात्रै प्राप्त हुन्छ भने विश्वास सोमदत्तको छ । सोमदत्तले आत्मा भनेको कहिल्यै ननिभ्ने सहस्र सूर्यजस्तै रहेको बताएको छ । ननिभ्ने सहस्र सूर्यको आलोक नै आत्मसेवन हो भन्ने उसको तर्क छ । सुम्निमाले सोमदत्तको भाखामा भनेकी छ-

"तिमीले भनेको यही होइन- आत्मा कहिल्यै मर्दैन । जुगजुगान्तरसम्म यो आकाश छउन्जेलसम्म रहिरहने कुरा हो । तर यो शरीरचाहिँ मर्छ, केहीछिन मात्रै रहन्छ । त्यसैले तिमी के भन्छौ भने, एकछिन मात्रै रहने शरीरले भनेका कुरा मान्नु हुन्न, सधैँभरि रहिरहने हामीभित्रको आत्मालाई सफासुग्घर बनाउनुपर्छ । यही होइन, तिमीले भन्या ?" (कोइराला, २०६६: २४)

## तापसी सोमदत्त र पुलोमा

छोरा आत्माज्ञानमा रमाए पनि आमाबाबुलाई वंशको अन्त्य होला भन्ने चिन्ता बढ्दै गएको छ । सोही कारण एक दिन आमाले पुत्र सोमदत्तलाई एउटी तापसी ब्राह्मणीको पाणीग्रहण गर्न आग्रह गरेकी छ । छोराले गृहस्थाश्रम धर्म निर्वाह गरेमात्रै आफूहरूको स्वर्गको यात्रा सहज हुने आमाको आग्रहलाई सोमदत्तले स्वीकार गरेको छ । यद्यपि उसको दाम्पत्य जीवन भने दिगो बन्न सक्दैन ।

सोमदत्तको विवाह पुलोमासँग भएको छ । दुवै जना तापसी छन् । विवाहको वार्ता समाप्त भएपछि नै उनीहरूबिच शरीर र आत्माका बारेमा शास्त्रार्थ हुन थालको छ । सोमदत्तका अनुसार शरीर स्वल्पजीवी मांसपिण्ड हो । सोमदत्तको अभिव्यक्तिमा समर्थन जनाउँदै कन्या पुलोमाले पनि शरीर भनेको श्वासले फुलेको एउटा फोका मात्र हो भनेकी छ । उनीहरूबिच शरीर, आत्मा, परमात्मा र मोक्षका विषयमा शास्त्रार्थ भएको छ । शरीर विकारयुक्त छ भन्नेमा दुवैको एकमत छ । शरीरको विकारबाट आत्मा असंलग्न र शुद्ध रहनुपर्छ भन्नेमा उनीहरूको सहमति छ । त्यसो भएमा मात्र आफूलाई परमात्माको ज्ञान हुने र मोक्ष प्राप्त हुने विश्वास दुवै जनाको छ । उनीहरूले आत्मा र परमात्मा एकाकार हुनुलाई मोक्ष भनेका छन् । (कोइराला, २०६६: ३५) सोमदत्तले जीव र आत्माको द्वैतभाव केवल परमात्मामा गएर लुप्त हुने बताएर पुलोमालाई आत्माचिन्तनबारे आश्वस्त बनाउन खोजेको छ ।

पुलोमा र सोमदत्त दुवै तपस्वी ब्राह्मण भएकाले उनीहरूको अधिकांश समय धर्मशास्त्रअनुसार निर्दिष्ट दैनिक कार्यको सम्पादनमा व्यतीत हुन्छ । दुवै जना दिनभरि धर्मग्रन्थका विभिन्न पुस्तकको अध्ययन र पाठमा व्यस्त हुन्छन् । साँझको भोजन ग्रहणपछि केही बेर धर्मग्रन्थको अध्ययन गर्छन् र पाठमा रहेको सत्यासत्य रूपका बारेमा व्याख्या गर्छन् । उनीहरूबिच उपनिषद् वाक्यमा निहित अर्थलाई लिएर धेरै छलफल भएको छ । त्यसमा पनि आत्मा अविनाशी भएकाले त्यो मर्त्य छैन भन्ने निर्क्योल पुलोमाले निकालेकी छ । यसैगरी सोमदत्तले जसले आत्मालाई नबुझेर त्यसको उचित सेवन गर्दैन त्यसले आत्मालाई मारेतुल्य गर्छ भनेर आफ्नो तर्क टुङ्ग्याउँछ । (कोइराला, २०६६: ४१) सोमदत्त बिस्तारै एकाग्र चिन्तनमा लाग्न थालेको छ । पतिको एकाग्र ब्रह्मचिन्तनको मुद्रा लक्ष्य गरेर पुलोमा सोमदत्त धर्मभीरू र ऋषितुल्य छन् भनेर प्रशंसा गर्न पुग्छे (कोइराला, २०६६: ६८) सोमदत्तले आत्माचिन्तनमा लागेर मातापितालाई खुसी बनाएको छ । आत्मा ज्ञानमा डुबुल्की मारिसकेको सोमदत्तको विवाह त्यति सुखद रहँदैन । उसले जीवनको सुखभोग अविवाहित अवस्थामा नै प्राप्त गरेको छ । आत्माचिन्तनको गहिराइमा पुगेर फेरि गृहस्थतर्फ ढल्किँदा सोमदत्तको जीवन त्यति सुखी बनेको छैन । गार्हस्थ धर्ममा संलग्न भएपछि उसले छोरा पनि जन्माएको छ । तर उसको आत्मा भने भड्किन थालेको छ ।

सुम्निमा भौतिकवादी चरित्रकी महिला हो । बालसखा एवम् पूर्वप्रेमी सन्तानविहीन हुन लागेको थाहा पाउँदा ऊ निकै दुःखी हुन्छे । उनीहरूलाई सन्तानसुख होस् भनेर सुम्निमाले सोमदत्तको शरीरलाई जागा गराउन सफल भएकी छ । परिणामस्वरूप सोमदत्तलाई नारीप्रतिको आकर्षण तीव्र बन्न पुग्छ । उसले भिल्लको रूप लिएर पुलोमासँग समागम गरेको छ । त्यसपछि पुलोमा गर्भवती हुन्छे । छोरा जन्माउँछे र सोमदत्तको गृहस्थधर्मलाई पूरा गरिदिन्छ । गृहस्थधर्ममा सफल हुनुमा सुम्निमाको भौतिकवादी व्यवहारको भूमिका छ । यद्यपि उसमा सोमदत्तको आत्माचिन्तनको प्रभाव हटेको छैन । सुम्निमाले सोमदत्तको आत्माचिन्तनबारे उसका सन्तानलाई पनि जानकारी गराएकी छ । उसले आफ्नी छोरीसँग बाहुनको परिचय दिँदा यस्तो अभिव्यक्त प्रकट गरेकी हो । बाहुनहरूलाई जीवनको पूर्णताले सन्तोष नहुने उसको बुझाइ छ । त्यसको शून्यताले उनीहरू आकर्षित हुन्छन् । त्यसो हुनाले उनीहरू शून्यतालाई खोज्दै नानावली तपस्या गरिहिँड्छन् । (कोइराला, २०६६ : ९३) यसैगरी सम्निमाले सोमदत्तको छोरासँग उसको तापसी बाबुका बारेमा परिचय दिएकी छ । "तिम्रा बा ठूला तपस्वी पुरुष थिए । भन्थे- आत्माको चिन्तन नै सबैभन्दा ठुलो कुरा हो" (कोइराला, २०६६: ९३) । सोमदत्त भने आत्माचिन्तनबाट मोक्षमा पुग्ने प्रयास गर्दागर्दै बिचमै मृत्युलोकतर्फ लागेको छ । यसरी भौतिकवादी सुम्निमाको विजयसहित उपन्यासको कथानक अन्त्य भएको छ ।

## निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित सुम्निमा उपन्यास आत्मा-शरीर, अध्यात्म-भौतिकता तथा सनातनी ब्राह्मण संस्कार र आदिवासी किराँत संस्कृतिबिचको वैचारिक द्वन्द्वलाई प्रस्तुत गर्ने दार्शनिक कृति हो । यस उपन्यासमा आत्मावादी दृष्टिकोण विशेषतः सोमदत्तको चरित्रमा केन्द्रीकृत छ । सोमदत्त तापसी ब्राह्मण दम्पतीको पुत्रका रूपमा वेद, उपनिषद् र धर्मशास्त्रको अध्ययन गर्दै आत्माज्ञानतर्फ उन्मुख भएको देखिन्छ । उसले शरीरलाई क्षणभङ्गुर र विकारयुक्त तथा आत्मालाई शाश्वत, शुद्ध र परमात्मासँग एकाकार हुने तत्त्वका रूपमा स्वीकार गरेको छ । पितामातासँगको संवाद, सुम्निमासँगको किशोर संवाद, पुलोमासँगको वैवाहिक जीवन तथा शास्त्रार्थमार्फत उसको आत्माचिन्तनको गहिराइ निरन्तर विकसित हुँदै गएको छ । यस दृष्टिले सोमदत्तलाई उपन्यासको केन्द्रीय आत्माचिन्तक पात्रका रूपमा मूल्याङ्कन गर्न सकिन्छ । उपन्यासमा आत्मा र शरीर, भौतिकवाद र अध्यात्मवाद, हिन्दू सनातनी ब्राह्मण र किराँत समुदायकी युवतीबिचको द्वन्द्व सघन रूपमा देखापरेको छ । आत्माचिन्तन

सोमदत्तमा केन्द्रित छ । उसले मातापितासँगको संवादमा आत्माको अनित्यतामा जोड दिएको पाइन्छ । सुम्निमा जीवनको भौतिक सुख, यथार्थपरक अनुभूति र प्राकृतिक सहजतालाई जीवनदृष्टिकोण मान्छे । सोमदत्त आत्मिक उन्नति र मोक्ष प्राप्तिलाई प्रमुख लक्ष्य ठान्छ । यी दुई दृष्टिकोणबिचको टकरावका कारण उपन्यासको कथा दार्शनिक गहिराइ र सांस्कृतिक द्वन्द्वमा केन्द्रित छ । उपन्यासको अन्त्यमा सोमदत्त आत्माचिन्तनबाट मोक्ष प्राप्त गर्न असफल हुन्छ भने सुम्निमाको भौतिकवादी दृष्टिकोण जीवन-यथार्थसँग सान्दर्भिक देखिन्छ । यसरी कोइरालाले आत्मा र शरीर, अध्यात्म र भौतिकता, ब्राह्मणीय संस्कार र किराँत सांस्कृतिक यथार्थबिचको वैचारिक द्वन्द्वलाई कलात्मक ढङ्गले अभिव्यक्त गरेका छन् । यस कारण सुम्निमा उपन्यास  दार्शनिक-सांस्कृतिक विमर्शको उत्कृष्ट कृतिका रूपमा प्रतिष्ठित भएको छ ।

## सन्दर्भसूची

***ऐतरेयोपनिषद्,*** (१९९५), गीताप्रेस, गोरखपुर । (सानुवाद शाङ्करभाष्यसहित)
***ईशावास्योपनिषद्,*** (१९९७), गीताप्रेस, गोरखपुर । (सानुवाद शाङ्करभाष्यसहित)
कोइराला, विश्वेश्वरप्रसाद, (२०६६), ***सुम्निमा,*** आठौँ संस्करण, साझा प्रकाशन, ललितपुर ।
***कठोपनिषद्,*** (२००८), गीताप्रेस, गोरखपुर । (सानुवाद शाङ्करभाष्यसहित)
गौतम, कृष्ण, (२०५६), ***रचनाको रोमाञ्च,*** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
***तैत्तिरियोपनिषद्,*** (१९९३), गीताप्रेस, गोरखपुर । (सानुवाद शाङ्करभाष्यसहित)
प्रधान, कृष्णचन्द्रसिंह, (२०५२), ***नेपाली उपन्यास र उपन्यासकार,*** तेस्रो संस्करण, साझा प्रकाशन ।
महर्षि वेदव्यास, (२०७१), ***लिङ्ग पुराण,*** गीताप्रेस, गोरखपुर ।
महर्षि वेदव्यास, (२०७१), ***श्रीमद्भागवत् महापुराण,*** गीताप्रेस, गोरखपुर ।
***माण्डूक्योपनिषद्,*** (२०५२), गीताप्रेस, गोरखपुर । (गौडपादीयकारिका, शाङ्करभाष्य तथा हिन्दी अनुवादसहित)
***मुण्डकोपनिषद्,*** (१९९२), गीताप्रेस, गोरखपुर । (सानुवाद शाङ्करभाष्यसहित)
राई, इन्द्रबहादुर, (२०५८), ***नेपाली उपन्यासका आधारहरू,*** तेस्रो संस्करण, साझा प्रकाशन ।
***श्रीमद्भगवद्गीता,*** (२०६४), गीताप्रेस, गोरखपुर ।
सुवेदी, राजेन्द्र, (२०६४), ***नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,*** दोस्रो संस्करण, साझा प्रकाशन ।
सिन्हा, हरेन्द्रप्रसाद, (सन् १९७४), ***भारतीय दर्शन की रूपरेखा,*** तेस्रो संस्करण, मोतीलाल बनारसीदास ।
डा. राधाकृष्णन, (सन् २०१८), ***भारतीय दर्शन-२,*** राजपाल एन्ड सन्स, दिल्ली ।